म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः असार १०, २०८१

भाग-२

म्यागङ गाउँपालिका

## स्थानीय तह शिक्षण सहयोग अनुदान कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मितिः असार ३, २०८१

स्थानीय राजपत्रमा प्रकाशित मितिः असार १०, २०८१

# स्थानीय तह शिक्षण सहयोग अनुदान कार्यविधि, २०८१

म्यागङ गाउँपालिका अर्न्तगत सञ्चालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरबन्दी तथा कक्षा ११ र १२ मा दरबन्दी नभएकालाई मध्यनजर गरी अपरिपूर्ती शिक्षकको मागलाई पूर्ती गर्न स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ जारी गरिएको छ ।

## परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नामः स्थानीय तह शिक्षण सहयोग अनुदान कार्यविधि, २०८१ रहेको छ र यो कार्यविधि कार्यपालिकाबाट निर्णय भइ प्रमाणिकरण भएको दिन देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले म्यागङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको म्यागङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(छ) " अध्यक्ष " भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले म्यागङ गाउँपालिकाको शिक्षा ऐन, २०७८ दफा २२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनु पर्छ ।

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति, सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ड) "प्राथमिक तह शिक्षण सहयोग अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत स्थानीय तह शिक्षण सहयोग अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने सम्झनुपर्छ ।

(ढ) "निम्न माध्यमिक तह शिक्षण सहयोग अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्य पालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ( ६-८) मा अध्यापन गर्ने स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक सम्झनुपर्छ ।

(ण) "माध्यमिक तह शिक्षण सहयोग अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक सम्झनुपर्छ ।

(त) "विषय विशेषज्ञ" भन्नाले स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिकाबाट सूचीकृत भएका प्राथमिक , निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनुपर्छ ।

(थ) "गाउँसभा" भन्नाले संघीय कानून बमोजिम गठन भएको म्यागङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

प्रशासकीय अधिकृत

गेंखु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भैरानी, नुवाकोट
बागमती प्रदेश

## परिच्छेद - २

### दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया :

३. स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको **अनुदान दरबन्दी सिर्जना गर्न सक्ने :**
(३.१) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले निम्न माध्यमिक र माध्यमिक तहका (९-१०) र (११-१२) **अंग्रेजी, विज्ञान, गणित, लेखा, नेपाली र सामाजिक विषयको** मात्र **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकहरुको कोटा (दरबन्दी) सिर्जना गर्न सक्नेछ ।
(३.२) **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।
(क) सम्बन्धित तहमा शून्य दरवन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने
(ख) सम्बन्धित तहमा ३ जना मात्र शिक्षक दरबन्दी भएको तथा कक्षा ११ र १२ मा दरबन्दी नभएको विद्यालयलाई थप गर्ने ।
(ग) विद्यालयमा सञ्चालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने
(घ) आधारभूत तह (६ - ८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

४. स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको **योग्यता तथा तालिम सम्बन्धि व्यवस्था** : नियम ३ बमोजिम सिर्जना भएका दरबन्दीमा नियुक्ति हुने **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :
**(१) निम्न माध्यमिक तह :**
क) जुन विषयको परीक्षामा सहभागी हुने हो सो विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ उत्तीर्ण गरेको,
ग) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,
घ) नेपाली नागरिकता प्राप्त गरेको,
(ङ) स्थायी अध्यापन अनुमतिपत्र भएको ।
**(२) माध्यमिक तह(९-१०) :**
क) जुन विषयको परीक्षामा सहभागी हुने हो सो विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,
ग) नेपाली नागरिकता प्राप्त गरेको,
घ) स्थायी अध्यापन अनुमति पत्र भएको ।
**(३) माध्यमिक तह(११-१२) :**
क) जुन विषयको परीक्षामा सहभागी हुने हो सो विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,
ग) नेपाली नागरिकता प्राप्त गरेको,
घ) स्थायी अध्यापन अनुमति पत्र भएको ।

प्रमुख प्रशासकीय अधिकृत

तर, बुदाँ नं. ४ (१) को ङ, ४ (२) को घ र ४ (३) को घ मा जुन सुकै कुरा लेखिएको भए तापनि स्थायी अध्यापन अनुमति पत्र भएको व्यक्तिको आवेदन नपरी विद्यालयको पठन पाठन प्रभावित हुने अवस्थामा विज्ञान, गणित, अंग्रेजी, लेखा र कम्प्युटर विषयमा स्थायी अध्यापन अनुमतिपत्र नभएका व्यक्तिबाट पनि परीक्षाको लागि आवेदन लिन सक्नेछ र कम्प्युटर विषयको हकमा १ बर्षे तालिम वा कोर्ष पुरा गरेको हुनु पर्नेछ ।

**५. उम्मेदवारको लागि अयोग्यता :** देहायका व्यक्तिहरू **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन् :

(क) गैह्र नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मानसिक रुपले अस्वस्थ भएको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको, **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ मा तोकेको योग्यता नभएको ।

च) तालिम नलिएको,

(छ) खण्ड "ग" मा जुनसुकै कुरा उल्लेख भए तापनि यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि यो कार्यविधि लागू भएपछि हुने पहिलो पटकको परीक्षामा उमेरको हद (एक पटकको लागि मात्र ) लाग्ने छैन ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकिया :** परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

७. **स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक छनौट समिति :** **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक नियुक्तिको लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत:- अध्यक्ष

(ख) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा कम्तीमा स्नाकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भएमा कम्तीमा स्नातक तह गरेका विज्ञहरुको सूचीबाट शिक्षा शाखाले छानिएको विषय विज्ञ २ जना : - सदस्य

(ग) गा.पा.शिक्षा शाखा प्रमुख : -सदस्य सचिव

नोटः ५ जना भन्दा कम उम्मेदवारहरु भएमा १ जना विज्ञ हुनेछ ।

**८. स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :

८(१) **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकको पदपूर्ती तोकिएको योग्यता पुगेका उम्मेदवारहरुबीच खुला प्रतियोगितात्मक परीक्षाद्वारा गरिनेछ ।

**९.स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको छनौट सम्बन्धि व्यवस्थाः** स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

९(१) गाउँपालिकाले **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक छनौट गर्न कम्तीमा ७ दिनको म्याद दिई सार्वजनीक सूचना प्रकाशन गर्नु पर्नेछ ।

९(२) **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक नियुक्तिका लागि सूचीकृत विषय विज्ञहरुबाट गोप्य तरिकाले प्रश्नपत्र निर्माण गरी परीक्षा लिनुपर्ने छ ।

९(३) योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फाराम भरी गाउँपालिका शिक्षा शाखामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

९(४) शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित परीक्षाको प्रथम पत्र र मौखिक परीक्षा पद्धति अनुरुप स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकहरुको छनौट हुनेछ ।

९(५) स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको परीक्षा शिक्षक छनौट समितिले तोकेको मिति र स्थानमा सञ्चालन गरिनेछ ।

**१०. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने :** गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**११. परीक्षा हुने मिति, समय र केन्द्र :** शिक्षक छनौट समितिले तोकेको मिति, समय र केन्द्रमा परीक्षा सञ्चालन हुनेछ।

**१२. परीक्षाको दस्तुर :** शिक्षक सेवा आयोगले लिने दस्तुरमा नबढ्ने गरी गाउँपालिकाले तोके बमोजिमको हुनेछ ।

**१३. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :** (१) स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको लागि लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ:

(क) लिखित परीक्षाको पूर्णाङ्क देहाय बमोजिमको हुनेछ ।

१) लिखित परीक्षाको पूर्णाङ्क :- २०० अंक

| परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा |
|---|---|---|---|
| वस्तुगत परीक्षा | ५० | २ | १०० |
| विषयगत परीक्षा | १० | १० | १०० |
| जम्मा : | | | २०० |

नोट : वस्तुगत प्रश्नमा प्रति गलत उत्तरको २० प्रतिशतका दरले अंक कट्टा गरिनेछ ।

(२) अन्तरवार्ताको पूर्णाङ्क :- ५०

**१४. सफल उम्मेदवारको सूची प्रकाशन गरिने :** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

**१५. अन्तरवार्ता सम्बन्धि व्यवस्था :** (१) नियम १४ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

**१६. अन्तवार्ताको अङ्क :** अन्तर्वार्ताको लागि छुट्याइएको ५० अङ्क देहाय बमोजिम दिइनेछ:

**क) भौगोलिक क्षेत्र :- १० अंक** - अन्तवार्ता परीक्षाको लागि जिल्ला बाहिरका उम्मेदवारलाई ५ अंक, नुवाकोट जिल्लाको स्थायी बासी भएको उम्मेदवारलाई ८ अंक र म्यागङ गाउँपालिका क्षेत्रको स्थायी बासिन्दा भए १० अंक प्रदान गरिनेछ ।

**ख) शैक्षिक योग्यता :- १५ अंक** - सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १०, द्वितीय ८ र तृतीय ६ अंक प्रदान गरिनेछ । माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ५, द्वितीय श्रेणीको भए ४ र तृतीय श्रेणीको भए ३ अंक प्रदान गरिने छ ।

- कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा बढी भएमा उम्मेदवारले चाहेको तहको शैक्षिक योग्यता पेस गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ग) अनुभव :-५ अंक ( सामुदायिक विद्यालयमा अध्यापन गरेका उम्मेदवारहरुलाई प्रति वर्ष १ अंकको दरले बढीमा ५ अंक प्रदान गरिनेछ )

घ) मौखिक अन्तवार्ता( प्रस्तुतीकरण) :- १० अंक ( ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपरेमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।)

ङ) कक्षा अवलोकन :- १० अंक : आवश्यक्ता अनुसार लिखित परीक्षामा सामेल भएका उम्मेदवारहरु मध्ये लिखित परीक्षा उतीर्ण गरेको उम्मेदवारको हकमा कक्षा अवलोकन गरिनेछ , कक्षा अवलोकनका लागि विषय वस्तुको ज्ञान भएको -३ अंक, सिकाई सहजीकरण शैली - २ अंक, शिक्षण सामाग्रीको प्रयोग - ३ अंक र मूल्याङ्कंन सीप - २ अंकको हुनेछ ।

१७. योग्यताक्रम प्रकाशित गर्ने :

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ । वैकल्पिक सूचीमा परेका उम्मेदवारहरु गाउँपालिकाको जुनसुकै विद्यालयमा एक वर्षभित्रमा खाली हुने कोटामा समान तह, विषय र पदमा शिक्षा शाखाको सिफारिसमा विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

१८. नियुक्ति दिने : शिक्षक छनौट समितिद्धारा सिफारिस गरिएको उम्मेदवारले सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिन भित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति १५ दिन भित्र नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने छ ।

१९. छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दरखास्त फारामहरु दर्ता तथा संकलन गर्ने/गराउने
ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने
ग) लिखित परीक्षा सञ्चालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने
घ) मर्यादित ढंगले लिखित परीक्षा सञ्चालन गर्ने/गराउने
ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने
च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने
छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने
ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने
झ) नियुक्तिका लागि सिफारिस गर्ने
ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

२०. स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको पदस्थापनाः

उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा गाउँकार्यपालिकाको निर्णय बमोजिम स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको पदस्थापना गरिनेछ ।

२१. निर्वाह खर्च उपलब्ध गराईने :

(२१.१) म्यागङ गाउँपालिकाको गाउँ सभाले विनियोजन गरेको स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक अनुदान शीर्षकको अधिनमा रही गाउँ कार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकहरुको लागि निर्वाह खर्च तत् विद्यालयमा मासिक तलबभत्ता स्वरुप अनुदान उपलब्ध गराइनेछ । निर्वाह खर्च वापतको तलबभत्ता रकम विद्यालयलाई तपसिल अनुसार प्रति शिक्षक चाडपर्व खर्च सहित १३ महिनाको र पोषाक भत्ता उपलब्ध गराईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल
१. प्रा.वि. तहः २४०००।
२. नि.मा.वि. तह : ३२९०२।
३. मा.वि. तह(९-१०) :३४७३०।
४. मा.वि. तह(११-१२) :३४७३०।
(२१.२) स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च **स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षकको प्रोत्साहन अनुदान** अर्न्तगत विनियोजित शीर्षकबाट शिक्षक सेवा आयोगको स्वीकृत नर्म्स बमोजिम खर्च गरिनेछ ।

## परिच्छेद - ३
## विविध

२२. **स्थानीय तह शिक्षण सहयोग अनुदान शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने** : संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँपालिकाले **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षक थपघट वा खारेज गर्न सक्नेछ ।

२३. **परीक्षणकाल**:- १. **स्थानीय तह शिक्षण सहयोग अनुदान** शिक्षकसँग करार सम्झौता गर्दा बढीमा १ वर्षको परीक्षणकाल रहने गरी नियुक्ति गरिनेछ ।

२. कार्यसम्पादन सन्तोषजनक नभएमा शिक्षा शाखाको समन्वयमा निजलाई परीक्षणकाल अवधि भित्रमा जुनसुकै बखत सेवाबाट हटाउन सकिनेछ`।

२४.बिदाः (१) अनुदान शिक्षकले वर्ष भरिमा बढीमा देहाय बमोजिम बिदाहरु पाउनेछ :
क) भैपरी बिदा ६ दिन,
ख) पर्व बिदा ६ दिन ,
ग) बिरामी बिदा १२ दिन ,
घ) सुत्करी बिदा, प्रसुती स्याहार बिदा, किरिया बिदा शिक्षा नियमावली,२०५९, नियम १०६ बमोजिम पाउनेछ ।

२५. **प्रचलित कानून लागू हुने** : प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

२६. **खारेजी** : गाउँसभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

२७. **अन्तिम व्याख्या**: यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले
कुमार लाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत